कित्ताकाट खुलेपछि महासंघद्वारा स्वागत

नागरिक संवाददाता

काठमाडौं, साउन ३१

नेपाल जग्गा तथा आवास विकास महासंघले सरकारले लामो समयदेखि रोकिएको जग्गाको कित्ताकाट खुलाउने निर्णयको स्वागत गरेको छ।

महासंघले बुधबार एक प्रेस विज्ञप्ति जारी गरेर घरजग्गाक्षेत्र चलायमान नभएका कारण देशको समग्र आर्थिक गतिविधि सुस्त बन्दै गएको वर्तमान अवस्थालाई ध्यानमा राखी मन्त्रिपरिषद् बाट मंगलबारको निर्णयानुसार भूउपयोग नियमावली, २०७९ मा पहिलो संशोधन गरी ढिलै भए पनि कित्ताकाट पूर्णरूपमा खुला गरेकोमा स्वागत गरेको हो।

महासंघले भू-उपयोग नियमावलीमा भएको यो संशोधनले कित्ताकाटलाई सहजीकरण गरी घरजग्गाक्षेत्रको कारोबारलाई सरलीकरण गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गर्ने आशा गरेको छ। '२०७६ सालमा भू-उपयोग ऐन र २०७९ मा भू-उपयोग नियमावली जारी भएपछि सरकारले जग्गा वर्गीकरणका लागि ६ महिनाको समयसीमा तोकी दिएको भए तापनि यस अवधिमा केही स्थानीय तहबाहेक अधिकांशले जग्गा वर्गीकरण गर्न नसकेका कारण लाखौं जनता प्रभावित र प्रताडित बन्न पुगेको यथार्थलाई महसुस गरी कित्ताकाटको प्रक्रिया सहज एवं पारदर्शी बनाउनसरकारले यो सकारात्मक कदम चालेको हो भन्ने हामीले ठानेका छौं।' महासंघद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'सरकारको यस्तो सकारात्मक कदमबाट नेपालको रियल स्टेटक्षेत्र एवं यसमा आश्रित व्यवसायीहरूका अतिरिक्त सर्वसाधारण जनता समेतलाई निकै राहत मिल्नेछ र यसबाट घरजग्गाको खरिद बिक्रीमा पारदर्शी व्यवहार भई सुशासनमा समेत अभिवृद्धि हुनेछ भन्ने ठानेका छौं।'

> महासंघले भू-उपयोग नियमावलीमा भएको यो संशोधनले कित्ताकाटलाई सहजीकरण गरी घरजग्गाक्षेत्रको कारोबार सरलीकरण गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गर्ने आशा गरेको छ।

महासंघले सरकारसँग भूमि बजारको स्थापना, घरजग्गाको व्यावहारिक एवं वैज्ञानिक मूल्यांकन पद्धति, प्लानिङ परमिट प्राप्त रियल स्टेट व्यवसायीलाई हदबन्दी छुट दिने व्यवस्था कायम गर्न आवश्यक छ। 'संयुक्त आवास परियोजनाभित्रको सामूहिक उपभोगको क्षेत्रलाई विना दस्तुर सम्बन्धित व्यवस्थापन समितिलाई हस्तान्तरण गर्ने, व्यवस्थित जग्गा तथा आवास विकासको कार्यलाई प्रोत्साहित गर्न रजिष्ट्रेसन दस्तुर घटाउने, विदेशीलाई अपार्टमेन्ट बिक्री गर्न पाउने व्यवस्था र घरजग्गाको खरिद बिक्रीको सेवा सहज एवं पारदर्शी बनाउन रजिस्टर्ड ब्रोकरको व्यवस्था जस्ता विषय समावेश गरी भूमिसम्बन्धी एकीकृत ऐन जारी गरियोस् भन्ने आग्रह गर्दछौं,' उनले भने, 'प्लानिङ परमिट प्राप्त रियल स्टेट कम्पनीहरूलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्य, समन्वय तथा साझेदारीमा जग्गा विकास कार्यक्रम सञ्चालन गर्न दिने व्यवस्था गर्नु आवश्यक छ।'

महासंघले बृहत् शहरीक्षेत्र विकास (मेगा सिटी), स्मार्ट सिटी, आधुनिक पूर्वाधारयुक्त ठूला शहरी करिडोर एवं आधारभूत पूर्वाधारसहित नयाँ शहरी विकास एवं आधुनिक शहरी बसोबासको निर्माणमा निजी लगानी आकर्षित गर्ने र निजीक्षेत्रलाई ल्याण्ड पुलिङ तथा हाउस पुलिङ आयोजनाका साथै ठूला ठूला शहरी विकास आयोजनामा सहभागी गराउने लगायतका प्रावधान समेटी शहरी विकास ऐन जारी गर्नसमेत महासंघ नेपाल सरकारसँग माग गर्दछ।

कर्णालीको 'हवाई प्रतिबन्ध' फुकुवा हुने

तीन दिनभित्र समस्या समाधान गर्ने पर्यटन मन्त्रीको प्रतिबद्धता



नागरिक संवाददाता

काठमाडौं, साउन ३१

नेपाल नागरिक उड्डयन प्राधिकरणले कर्णालीको विमानस्थलमा साढे १२ बजेपछि नियमित यात्रु चार्टर उडान र कार्गो उडानमा बन्देज लगाउने निर्णय हट्ने भएको छ। पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले कर्णाली लगायत दुर्गमक्षेत्रमा देखिएको हवाई उडान समस्या ३ दिनभित्र समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। कर्णाली प्रदेशका प्रतिनिधिसँग बुधबार भएको भेटमा मन्त्री किराँतीले उक्त प्रतिबद्धता व्यक्त गरेका हुन्। एक सातदेखि कर्णालीक्षेत्रमा हवाई सेवा ठप्प भएको थियो।

अस्पतालले रिफर गरेर पनि हवाइजहाज र हेलिकप्टर नजाँदा हुम्लामा उपचार नपाएर ४ बालबालिकाको मृत्यु भएको छ। बुधबार सिंहदरबारस्थित मन्त्रालयमा कर्णालीका सांसद, राजनीतिक दलका नेता, नागरिक समाजका प्रतिनिधि र पर्यटन व्यवसायीले मन्त्री किराँतीलाई भेटेर समस्या अवगत गराएका थिए। मन्त्रालयमा प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी पनि सहभागी थिए। कार्यक्रममा जुम्लाकी सांसद छिरिङ लामा, प्रदेश सांसद कलबहादुर हमाल, पूर्वमन्त्रीहरू मोहन बानियाँ, छक्कबहादुर लामा, दल रावल, कर्णाली पर्यटन उद्यमी समाजका अध्यक्ष देवीकृष्ण रोकायालगायत सहभागी थिए।

पूर्वमन्त्री बानियाँले प्राधिकरणको नेतृत्वले सनकको भरमा लगाएको नयाँ नियम खारेज नगरे कडा आन्दोलन गर्ने चेतावनी दिए। माओवादी केन्द्रकी नेतृ भीमा केसी बन्जाराले पटक पटक अनुरोध गर्दा पनि प्राधिकरण नेतृत्वले कर्णालीमाथि दमन गर्न खोजेको बताइन्। माओवादी केन्द्र कर्णाली प्रदेशका पर्यटन विभाग प्रमुख मनराज सिम्खडाले महानिर्देशक अधिकारीले कर्णालीलगायत दुर्गमक्षेत्रको विकासमाथि धावा बोल्नुका साथै जनताको जीवनमाथि खेलवाड गरेको बताए। कर्णालीबासीसँगको भेटमा महानिर्देशक अधिकारीले नयाँ नियम लगाउनुपर्ने कारण बताउने प्रयास गरेका थिए।

फेरि बढ्यो सार्वजनिक यातायातको भाडा

नागरिक संवाददाता

काठमाडौं, साउन ३१

पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएसँगै अन्तरप्रदेश चल्ने सार्वजानिक यातायातको भाडा ४ देखि ६ प्रतिशतसम्म बढेको छ।

नेपाल आयल निगमले मंगलबारदेखि डिजेलको मूल्य बढाएसँगै यातायात व्यवस्था विभागले बुधबारबाटै लागु हुने गरी सार्वजनिक यातायातको भाडा समायोजन गरेको हो। विभागले बुधबारदेखि नै लागु हुने गरी यात्रुवाहक सवारीसाधनमा ४.७० प्रतिशत, पहाडी बाटोमा चल्ने मालवाहक सवारीसाधनमा ६.१५ प्रतिशत र तराईमा चल्ने मालवाहक सवारीसाधनमा ६.८३ प्रतिशतले भाडा वृद्धि गरेको हो।

विभागले अन्तरप्रदेश सार्वजनिक यातायात यात्रुवाहक तथा मालवाहक सवारीको भाडादर इन्धनको मूल्यको आधारमा स्वचालित रूपमा समायोजन गर्दै आइरहेको छ। २०८० साल साउन १ गते डिजेलको मूल्य १४४.८३ रूपैयाँ रहेको थियो तर साउन ३१ गतेसम्ममा डिजेलको मूल्य २१ रूपैयाँ वृद्धि भएर १६५.८३ रूपैयाँ पुगेको छ। विभागका अनुसार पछिल्लो समय समायोजनमा आधार लिइएको मूल्यभन्दा १४.०५ प्रतिशत बढी भएकाले पनि बुधबारबाटै लागू हुने गरी अन्तरप्रदेश चल्ने सार्वजनिक यातायात र मालबाहक सवारीसाधनको भाडा समायोजन गरिएको हो।

विभागले यसअघि गत जेठ ३ गते सार्वजनिक यातायातको भाडा सामायोजन गरेको थियो। गत जेठ ३ मा विभागले यात्रुवाहक सवारीसाधनमा ३.२० प्रतिशत, पहाडी बाटोमा चल्ने मालवाहक सवारीसाधनमा ४.१९ प्रतिशत र तराईमा चल्ने मालवाहक सवारीसाधनमा ४.६५ प्रतिशत भाडा घटाउने निर्णय गरेको हो। यसअघि भाडा समायोजन गर्दा आधार मानिएको २०७९ असार २० गतेको डिजेलको बजार मूल्य १७२ रूपैयाँ प्रतिलिटर रहेको थियो। त्योबेला डिजेलको मूल्य घटेर १५५ रूपैयाँ कायम भएसँगै भाडा समायोजन गरिएको थियो। पछिल्लो समायोजनमा आधार लिइएको मूल्य भन्दा ९.८८ प्रतिशत घटी भएकाले पनि बुधबारदेखि लागु हुने गरी दुई वा सोभन्दा बढी प्रदेश भई राष्ट्रिय स्तरका रुटमा सञ्चालन हुने सार्वजनिक यातायातको भाडादर स्वचालित प्रणालीबमोजिम समायोजन गरिएको हो।

> विभागले अन्तरप्रदेश सार्वजनिक यातायात यात्रुवाहक तथा मालवाहक सवारीको भाडादर इन्धनको मूल्यको आधारमा स्वचालित रूपमा समायोजन गर्दै आइरहेको छ।

विभागले २०७८ चैत १७ गतेको निर्णयानुसार सार्वजनिक यातायातको भाडा समायोजन गर्दा आधार मानिएको इन्धनको बजार मूल्य ५ प्रतिशत वा सोभन्दा बढीले बढेमा वा घटेमा विभागले अभ्यास गर्दै आइरहेको वैज्ञानिक भाडा समायोजन प्रणाली अनुसार स्वचालित रूपमा अन्तरप्रदेश सार्वजनिक यातायातको भाडा बढ्ने वा घट्ने व्यवस्था गर्दै आइरहेको छ।

२०६५ चैत २० गते नेपाल सरकारबाट तय गरिएको वैज्ञानिक भाडा प्रक्रिया अनुसार पेट्रोलियम पदार्थको ३५ प्रतिशत र सार्वजनिक सवारीसाधनसँग सम्बन्धित बिमाकर, बैंक ब्याज, पाटपुर्जा, टायर लुब्रिकेन्ट्स लगायत अन्य कम्पोनेन्टहरूको आधारमा ६५ प्रतिशतलाई आधार मानेर प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र नेपाल सरकार यातायात व्यवस्था विभागले समायोजन गर्नुपर्ने प्रावधान छ।

विभागले अभ्यास गर्दै आएको सार्वजनिक यातायात सेवा सञ्चालनका १३ सूचकहरूले बजार मूल्यमा आधारित वैज्ञानिक भाडादर समायोजन प्रणालीअन्तर्गत मुख्य पाँच सूचक र बजार मूल्यमा आएको परिवर्तनका आधारमा भाडा समायोजन गरिएको उल्लेख गरिएको छ। प्रदेशभित्रको भाडा समायोजन गर्ने अधिकार भने प्रदेश सरकारलाई दिइएको छ। बुधबारसम्म बागमती प्रदेश सरकारले प्रदेश स्तरीय भाडा समायोजन गरिसकेको छैन।

सुबि 'हल्ट प्राइज २०२३' द्वारा मनोनीत

काठमाडौं, साउन ३१ (नागरिक)- सुबी काफ्ले प्रतिष्ठित हल्ट प्राइज-२०२३ द्वारा मनोनस्त भएकी छिन्। भक्तपुरको सूर्यविनायक अंग्रेजी माध्यमिक विद्यालयबाट विद्यालय शिक्षा लिएकी उनले ब्रिटिस कलेज काठमाडौंबाट ए लेभल गरेकी छिन्। हाल कलेज अफ म्यानेजमेन्ट (केसिएम)मा अध्ययनरत उनी हल्ट प्राइज अनक्याम्पस अवार्डस्का लागि एसिया क्षेत्रको 'प्रोग्राम अफ द इयर' अवार्डमा मनोनीत भएकी हुन्।

आफ्नो क्षेत्रमा पाँच मनोनीतहरूमध्ये एक र विश्वव्यापी ३५ मा मनोनीत सुबिको मनोनयनले नेपाल र केसिएमलाई विश्वव्यापी मञ्चमा प्रतिनिधित्व गरेको छ। सेप्टेम्बर २२, २०२३ मा फ्रान्सको पेरिसमा 'हल्ट प्राइज २०२३' ग्लोबल फाइनल हुनेछ।

सूचना सच्याईएको सम्बन्धमा

बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा बर्दिया

प्रस्तुत विषयमा यस नागरिक राष्ट्रिय दैनिक पत्रिका मार्फत मिति २०८०।०४।३१ गतेका दिन यस कार्यालयको ठेक्का नं. BNP/NCB/01-2080/081, Addition of Office Building First Floor and all Finishing Works कार्यका लागि सूचना प्रकाशित गरिएकोमा उक्त सूचनाको First date of Publication / Last date of Bid submission को मितिमा २०८० हुनुपर्नेमा २०८१ भएकोले यसै मार्फत सूचना सच्याईएको व्यहोरा अनुरोध छ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०४/३२ गतेको नागरिक राष्ट्रिय दैनिक

यस विकास बैंकको मुख्य कार्यालय कमलपोखरी, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८०/०५/०६ गते/स्थान : मुख्य कार्यालय कमलपोखरी, काठमाडौं — **२०८०/०५/०७ गते, बिहीबार दिनको ३ बजे**

ऋणीको नाम, ठेगाना

नाम : डिजीटेक रेमिटान्स प्रा.लि.
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. ६५४४३/०६६/०६७, दर्ता मिति २०६६/०५/०९, पान नं. ३०३८५२९२६, दर्ता मिति : २०६६/०६/३०
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १, गैह्विधारा

व्यक्तिगत जमानतकर्ता

१. नाम : बबीता खेतान
ना.प्र.नं. १४७९,, जि.प्र.का. काठमाडौं
जारी मिति : २०४९/०५/११
बाबुको नाम : ओम प्रकाश खेतान
बाजेको नाम : नागर मल खेतान
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१

२. नाम : सुरज लाल श्रेष्ठ
ना.प्र.नं. ४१५३/३५१३/६१३९/३५३
जि.प्र.का. काठमाडौं, जारी मिति : २०४९/११/२८
बाबुको नाम : इश्वर लाल श्रेष्ठ
बाजेको नाम : विष्णु लाल श्रेष्ठ
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २३

३. नाम : सुनिता कार्की
ना.प्र.नं. ११०६५, जि.प्र.का. काठमाडौं, जारी मिति : २०५६/०१/०३
पतीको नाम : राजेश राज बर्मा, ससुराको नाम : कृष्ण राज बर्मा
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५

धितोको विवरण

१. बबीता खेतानको नाममा भूमिसुधार तथा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेष्ठा कायम दाङ जिल्ला, सेवारबनगाउँ गा.वि.स वडा नं. ८ क स्थित कित्ता नं. १८३, ३७५, ३९०, ५४५, ५४७, ५४९, ३९२, ३९३ र ५५४ को क्षेत्रफल क्रमशः ९३९७.२५ ब.मि, २६४९.८५ ब.मि, २९९६.९६ ब.मि, ३५३२ ब.मि, १६२०.१४ ब.मि, २६६३ ब.मि, ३१४०.८८ ब.मि, ३१३२.४२ ब.मि र ३३८६.३० ब.मि भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. डिजीटेक रेमिटान्स प्रा.लि.को नाममा भूमिसुधार तथा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ठा कायम चितवन जिल्ला, दारेचोक गा.वि.स वडा नं. ३ क स्थित कित्ता नं. ५२१, १७, ७४९, ५२०, ७५०, ५१९, ५२२ र ६४६ को क्षेत्रफल क्रमशः २५३.९४ ब.मि., ५४५२.१० ब.मि., २१२४.९६ ब.मि., ६१८.०२ ब.मि., २१३३.०७ ब.मि., ६१८.०२ ब.मि., २५३.९४ ब.मि. र १२५२.७६ ब.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

Khaniyabas Rural Municipality
Office of the Rural Municipal Executive
Darkha, Dhading
Bagmati Province, Nepal

Invitation for Bids

Date of publication: 17 August, 2023

1. Khaniyabas Rural Municipality invites Electronic Bids from Nepalese eligible bidders for the construction following works under National Competitive Bidding Procedures.

IFB No.	Descriptive of Works	Bid Security NRs. (dharauti khata)	Bid Document (rajaswa khata) Fee. (NRs.)	Estimated Cost	Remarks
Khaniyabas/NCB/works/01/2080-81	Kintangphedi Ratomate Rural Road	5,27,000.00	5,000.00	----------	
Khaniyabas/NCB/works/02/2080-81	Manechautara Chaukitole Godam Brichet Road	5,57,000.00	5,000.00	----------	

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Khaniyabas Rural Municipality, Office of Municipal Executive, Darkha, Dhading** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of Bank: Global IME Pvt. Ltd., Khaniyabas Branch , Dhading
   Name of Account : **Ga-1.1 Antarik Rajaswa Khaata(Khaniyabas Ga.Pa.)**
   Office Account No.: 36204010000005 (rajaswa khata)
4. Electronic bids must be submitted to the through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 17 September, 2023 from the date of publication of this notice, Bids received after this deadline will be rejected.
5. The Bids will be opened in the presence of the Bidders representatives who choose to attend at **Khaniyabas Rural Municipality, Office of Municipal Executive, Darkha, Dhading, Bagmati Province,** Nepal at 13:00 hours of 17, September 2023 from publication date of this notice. Bids must be valid for a period of 90 days after the deadline of bid submission. All bids must be accompanied by a bid security of amount mentioned above, **valid 30 days beyond the validity period of Bid.**
   If bidder wish to submit Bid Security in the form of cash, the cash should be deposit in:
   Name of Bank : Global IME Pvt. Ltd., Khaniyabas Branch , Dhading
   Name of Office : Khaniyabas Rural Municipality
   Office Account No.: 36204010000004 (dharauti khata)
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bids should comply in all respects with the Instructions to Bidder included in the Bid Document. Non compliance with this instruction will result in disqualification.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, **Khaniyabas Rural Municipality** reserves the right to amend and correct at any time.

Chief Administrative Officer